# आर्थिक ऐन

## एकडारा गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको आर्थिक ऐनः २०८२।०८३

प्रस्तावनाः एकडारा गाउँपालिका आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) ले दिएको अधिकार प्रोयोग गरी संविधानको धारा २२६ को उपधारा १ बमोजिम एकडारा गाउँपालिकाको गाउँ सभाले यो अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न सम्बन्धित ऐन बनाई लागु गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ ।
(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि एकडारा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटन शुल्कः गाउँपालिका आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. फोहरमैला व्यवस्थापन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहरमैला व्यवस्थापन गर्न अनुसूची १४ मा उल्लेख भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१६. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।तर दुःखी,**अति बिपन्न तथा गरिवहरुको हकमा यो व्यवस्था लागु हुने छैन ।**

७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका/नगरपालिकाले तोके अनुसार हुने छ ।

८. अन्यत्र जेसुकै कुरा लेखिएको भए पनी प्राकृतिक बिपत्ती,**देविक बिपत्ती,सुख्खा,खडेरी,माहामारी जस्ता विपदको समयमा गाउँपालिकाले प्रस्तावित करहरु आंशिक तथा पुर्ण रुपमा अबधी तोकी मिनाहा वा छुट दिन सक्ने छ ।**

| राजस्वको क्षेत्र | | दायरा | चालु आ.व.को दर | प्रस्तावित दर | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|---|
| [redacted] | | | | | | |
| सम्पत्ती कर | | | | | | |
| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व. (रु./वर्ष) | प्रस्तावित दर | | |
| १ | पक्की घर | RCC ढलान घर | | ५०० | | |
| २ | पक्की घर | माटो र ढुङ्गाले बनेको तर प्लाष्टर गरिएको | | ३०० | | |
| ३ | कच्ची घर | माटो बनेको, सिलेट/ढुङ्गाले छाएको | | २०० | | |
| ४ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, जस्ता पाताको छाना भएको | | १०० | | |
| ५ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, खरको छाना भएको घर | | ५० | | |

| | | | |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर लागू भएमा सोही बमोजिम हुने । | | | |

भूमि कर (मालपोत)

| क्र.सं. | विवरण | | विस्तृत विवरण | चालु आ.व.(रु./वर्ष) | प्रस्तावित दर प्रति कठ्ठा | | |
|---|---|---|---|---|---|---|---|
| १ | मालपोत कर | | | | | | |
| | (वडा नं. १-६ सम्म) | १ कठा देखि २० कठ्ठा सम्म | अब्बल, दोयम, सीम, चाहार | २० | २० | | |
| | | १ बिगहा देखि २ बिगहा सम्म | | २५ | २५ | | |
| | | ३ बिगहा देखि ५ बिगहा सम्म | | ३० | ३० | | |
| | | ५ बिगहा देखि माथि सबै | | ३० | ३५ | | |
| | | | गाउँबलक भित्रका जग्गाको (प्रति धुर) | | १० | | |
| ३ | जग्गा दाखा (तिरो कायम गर्ने) | | कूल मूल्यको | | रु.५०० प्रति कित्ता | | |
| नोटः २ वर्षभन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा १०%,५ वर्षभन्दा बढी समय कर नबुझाउनेलाई १५%,र ८ वर्षभन्दा लामो समय कर नबुझाउनेलाई २५% थप जरिवाना लाग्नेछ। तर आ.व. २०७४/०७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साविककै नियम रु. ५ प्रति कठ्ठा अनुसार लाग्नेछ। | | | | | | | |

घर बहाल कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व.(रु.) | प्रस्तावित दर | | |
|---|---|---|---|---|---|---|
| १ | घर जग्गा बहाल कर | सम्झौता रकमको | १०% | १०.००% | | |

व्यवसाय कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व.(रु.) | प्रस्तावित दर | | |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | गल्ला/किराना पसल | गल्ला किराना सामानको कारोवार | | ५०० | | |
| | | ढेपली तथा खुद्रा कारोवार | | २०० | | |
| २ | कपडा/फेन्सी/जुत्ता चपल/ब्याग/कस्मेटिक पसल | कपडा/फेन्सी/जुत्ता चपल/ब्याग/कस्मेटिक सामग्रीको कारोवार | | १००० | | |
| ३ | लेडिज/जेन्स पार्लर/सैलुन व्यवसाय | पालर तथा कपाल काट्ने व्यवसाय | | ५०० | | |
| ४ | होटल व्यवसाय | लजिङ,फुडिङ सेवाको होटल | | ३०० | | |
| | | खाना, चिया, नास्ता होटल | | २५० | | |
| | | चिया, नास्ता पसल | | १५० | | |
| ५ | फोटो स्टुडियो | सबै खाले | | ५०० | | |
| ६ | बधशाला | | | २०० | | |
| ७ | उद्योग | इटा भठा | | ५००० | | |
| | | ग्रिल उद्योग | | ३००० | | |
| | | काष्ठ/फर्निचर (साना पूँजी) | | ३००० | | |
| | | कागज उद्योग | | १००० | | |
| ८ | ढुंगा तथा गिट्टी बालुवा बिक्री | प्रति ट्रिप | | ३००० | | |
| ९ | सिलाइ कटाई | टेलरिङ सुविधा | | १००० | | |
| | | साधारण सिलाई कटाई | | ५०० | | |
| १० | मदिरा पसल | वितरक | | ५००० | | |
| | | थोक बिक्रेता | | ७५०० | | |
| | | खुद्रा | | ३००० | | |
| ११ | औषधी/एग्रोभेट/आयुर्वेदिक औषधी पसल | औषधी/एग्रोभेट/आयुर्वेदिक औषधी वस्तुको कारोवार | | ३००० | | |
| १२ | स्वास्थ्य | मेडिकल पसल, फार्मेसी | | १००० | | |
| | | पोलिक्लिनिक | | ५०० | | |
| | | सामुदायिक अस्पताल | | ५०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आमा समूह दर्ता | | ३०० | | |
| | | आमा समूह नविकरण | | १०० | | |
| १३ | इलेक्ट्रोनिक पसल (मोबाइल,घडी,अडियो,भिडियो आदि) | इलेक्ट्रोनिक साम्रगी(मोबाइल,घडी,अडियो, भिडियो आदि) कारोवार | | ५०० | | |
| १४ | इलेक्ट्रोनिक व्यवसाय (हाउस वायरिङ समेत) | इलेक्ट्रोनिक व्यवसाय (हाउस वायरिङ समेत) को कारोवार | | ५०० | | |
| १५ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प (साधारण बिक्रेता) | | ३००० | | |
| | | मट्टितेल मात्र बिक्री | | ५०० | | |
| | | ग्याँस सिलिण्डर सब डिलर | | १००० | | |
| १६ | हार्डवेयर/मेशिनरी/स्यानिटरी/मार्बल/स्टिल / आल्मुनियम पसल | हार्डवेयर/मेशिनरी/स्यानिटरी/ मार्बल/स्टिल/ आल्मुनियम को कारोवार | | ३००० | | |
| १७ | भाँडा पसल (सबै खाले) | भाँडा पसल (सबै खाले) | | १००० | | |
| १८ | स्टेशनरी तथा पुस्तक पसल | स्टेशनरी तथा पुस्तक को कारोवार | | ५०० | | |
| १९ | पार्किङ व्यवसाय | सबै खाले | | १००० | | |
| २० | फलफूल तथा तरकारी पसल | फलफूल तथा तरकारी को कारोवार | | ३०० | | |
| २१ | विजुली मिल | ६ महिनाभन्दा कम चल्ने | | १००० | | |
| | | ६ महिनाभन्दा बढी चल्ने | | ३००० | | |
| २२ | वित्तिय संस्था | बहुउद्देश्यीय सहकारी | | ५००० | | |
| | | बचत तथा ऋण र अन्य सहकारी संस्था | | ३००० | | |
| | | कृषि सम्बद विषयगत सहकारी | | १००० | | |
| | | लेखापरीक्षक नियुक्ति समर्थन | | १००० | | |
| | | दर्ता खारेजी (व्यवस्था बाहेक थप) | | ५०० | | |
| | | मनि ट्रान्सफर, | | ५००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लघु वित्त<br>“क”<br>“ख”<br>“ग”<br>“घ” | | <br>२५००० <br>२०००० <br>१५००० <br>१०००० | | |
| २३ | निजी शैक्षिक संस्था दर्ता | प्रति कक्षा | | १००० | | |
| | निजी शैशिक्ष संस्था नविकरण | वार्षिक | | ३००० | | |
| २४ | शैक्षिक संस्था (निजी) कक्षा थप (अपग्रेड) | प्रति कक्षा | | ५००० | | |
| २५ | शैक्षिक संस्था कक्षा थप (सामुदायिक) | प्रति कक्षा संख्या | | १००० | | |
| २६ | मिल | कुटानी/पिसानी | | ३०० | | |
| | | चुरा/भुजा आदि | | ५०० | | |
| २७ | सुनचाँदी पसल | गरगहना निर्माण तथा खरिद बिक्री | | ३००० | | |
| २८ | मर्मत पसल | मोटर पार्टस बिक्री तथा मर्मत | | १००० | | |
| २९ | फ्रेस हाउस | सबै क्षेत्र (वार्षिक) | | ५०० | | |
| ३० | पेन्टर पसल | पेन्टिङ/साइन बोर्ड लेख्ने काम | | २०० | | |
| ३१ | परामर्श सेवा कम्पनी/व्यवसाय दर्ता | विविध कन्सल्टेन्सी दर्ता | | ५००० | | |
| | | नवीकरण | | ३००० | | |
| ३२ | निर्माण व्यवसाय | "घ" वर्गको निर्माण व्यवसायी दर्ता शुल्क | | १०००० | | |
| | | निर्माण व्यवसाय नवीकरण | | ३००० | | |
| | | दर्ता प्रमाणपत्र प्रतिलिपी | | ५००० | | |
| | | नविकरणको म्याद नाघेमा अधिक्तम २ वर्ष सम्म (प्रति वर्ष) | | ६००० | | |
| | | निर्माण व्यवसाय सूचीकृत | | १५०० | | |
| ३३ | नर्सरी दर्ता/नवीकरण | कृषि तथा वन | | १००० | | |
| ३४ | अन्य नतोकिएको व्यवसाय | यस ऐनमा उल्लेख भए बाहेक | | ५०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | हाट बजारमा बिक्री गर्ने साना किसान/व्यापारी | साना किसान व्यापारी | | २० | | ठेक्का व्यवस्थापन पश्चात |
| | | ठूला व्यापारी | | ५० | | |
| नोटः व्यवसाय दर्ता गरेपछि प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने छ। | | | | | | |

[redacted]

जडिबुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व.(रु.) | प्रस्तावित दर | | |
|---|---|---|---|---|---|---|
| १ | जडिबुटी निकासीका लागि सम्बन्धित निकायमा सिफारिश दस्तुर | पाँचऔंले, घोडाताप्रे, सतुवा, वन आलु लगायतका सबै प्रकारका जडिबुटीहरुको प्रचलित बजार मूल्यको | | १०० | | |
| २ | भीर मौरीको मह | प्रचलित बजार मूल्यको (न्यूनतम्) | | १०० | | |
| ३ | काठ | प्रति घन फिट | | १० | | |
| ४ | कवाडी माल | सिसा, कागज, प्लाष्टिक प्रति किलो | | १० | | |
| ५ | कानुनले निषेध गरेको बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, छाला, प्वाँख | कूल मूल्यको | | १५% | | |

[redacted]

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | सवारी साधन कर | प्रदेश कानून बमोजिम | | | | |

[redacted]

विज्ञापन कर

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रदेश कानून बमोजिम बाहेकको अवस्थामा | | | | | | |
| सार्वजनिक स्थलमा विज्ञापन वा साइन बोर्ड राखे वापत वार्षिक | | | | | | |
| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व.(रु.) | प्रस्तावित दर | | |
| १ | होर्डिङ बोर्ड | प्रति वर्ग फिट | | ५ | | |
| २ | रङ्गिन विज्ञापन (फ्लेक्स) | प्रति वर्ग फिट | | ५ | | |
| ३ | अन्य पोष्टर, पम्पलेट | प्रति वर्ग फिट | | ३ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| [redacted] | | | | | | |
| मनोरञ्जन कर | | | | | | |
| प्रदेश कानूनमा व्यवस्था भएको बाहेक | | | | | | |
| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व.(रु.) | प्रस्तावित दर | | |
| १ | मेला महोत्सव | प्रति दिन | | १०० | | |
| २ | खेलकूद लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम | प्रति कार्यक्रम | | १०० | | |
| ३ | अन्य सबै प्रकारका खेलकुद कार्यक्रम | प्रति कार्यक्रम | | १०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| [redacted] | | | | | | |
| बहाल बिरौटी कर | | | | | | |
| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व.(रु.) | प्रस्तावित दर | | |
| १ | टहरा नबनाई सार्वजनिक जग्गा बहाल | (वार्षिक) प्रति वर्ग मिटर | | १० | | |
| २ | टहरा बनाई सार्वजनिक जग्गा बहाल | (वार्षिक) प्रति वर्ग मिटर | | १० | | |
| ३ | सार्वजनिक स्थलमा ढुङ्गा गिट्टी बालुवा थुपार्न मिल्ने अवस्थामा थुपारे वापत | प्रति दिन प्रति १०० वर्ग मिटर | | १०० | | |
| ४ | निर्माण, रेखदेख मर्मत सम्भार खर्च | अनुसूची ३ को घर बहाल करमा तोकिएको न्यूनतम् भाडा दर बमोजिम | | १०% | | |
| एक वर्ष भन्दा कम अवधिको वाहाल विटौरी करको हिसाव गर्दा १२ महिनाको दामासाही हिसाव गरेर गर्ने । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| [redacted] | | | | | | |
| पार्किङ शुल्क (तोकिएको पार्किङ क्षेत्रमा मात्र) | | | | | | |
| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व.(रु./ वर्ष) | प्रस्तावित दर | | |
| १ | दुई पाङ्ग्रे सवारी साधन | प्रति दिन | | १० | | |
| २ | चार पाङ्ग्रे सवारी साधन | प्रति दिन | | २० | | |
| नोटः | सरकारी सवारी साधनलाई पार्किङ शुल्क नलाग्ने । | | | ० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ट्रेकिङ शुल्क | | | | | | |
| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व.(रु.) | प्रस्तावित दर | | |
| १ | स्वदेशी | प्रति दिन प्रति व्यक्ति | | ० | | |
| २ | विदेशी | प्रति दिन प्रति व्यक्ति | | ० | | |
| नोटः स्वदेशी विद्यार्थीहरुलाई ५० प्रतिशत छूट | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सेवा शुल्क दस्तुर | | | | | | |
| सिफारिश र प्रमाणित शुल्क | | | | | | |
| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व. | प्रस्तावित दर | | |
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित गर्ने | | २०० | | |
| २ | | जन्म मिति प्रमाणित गर्ने, गराउने | | २०० | | |
| ३ | | विवाहित प्रमाणित | | २०० | | |
| ४ | | अविवाहित प्रमाणित गर्ने | | २०० | | |
| ५ | | घर पाताल प्रमाणित गर्ने | | २०० | | |
| ६ | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | | २०० | | |
| ७ | | जीवितसँगको नाता प्रमाणित गर्ने | | २०० | | |
| ८ | | हकवाला वा हकदार प्रमाणित गर्ने | | २०० | | |
| ९ | | कागज र मन्जुरीनामा प्रमाणित गर्ने | | २०० | | |
| १० | | जग्गा मूल्याङ्कन सिफारिश प्रमाणित गर्ने<br>१. ५ लाख सम्म<br>२. ५ लाख भन्दा माथी | | २००<br>५०० | | |
| ११ | | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निःशुल्क | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | | संरक्षक प्रमाणित गर्ने | | १५० | | |
| १३ | | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ३०० | | |
| १४ | सिफारिश शुल्क | अंग्रेजी माध्यममा सिफारिश तथा प्रमाणित गर्ने | | २०० | | |
| १५ | | अपाङ्गता सिफारिश | | ५० | | |
| १६ | | नाबालक परिचयपत्र सिफारिश | | १०० | | |
| १७ | | व्यक्तिगत संरक्षक सिफारिश गर्ने | | १०० | | |
| १८ | | संस्थागत संरक्षक सिफारिश गर्ने | | ३०० | | |
| १९ | | नागरिकता सिफारिश | | निःशुल्क | | |
| २० | | नागरिकता प्रतिलिपी सिफारिश | | निःशुल्क | | |
| २१ | | वैवाहिक अङ्गिकृत नागरिकता सिफारिश | | निःशुल्क | | |
| २२ | | छात्रवृत्ति सिफारिश (विपन्न छात्रवृत्ति निशुल्क) | | निःशुल्क | | |
| २३ | | बहाल करको लेखाजोखा सिफारिश | | २५० | | |
| २४ | | मोही लगत कट्टाको सिफारिश | | २५० | | |
| २५ | | घरजग्गा करको लेखाजोखा गरी सिफारिश गर्ने | | २५० | | |
| २६ | | व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिश गर्ने | | ३०० | | |
| २७ | | मिलापको कागज गराउने निवेदन दर्ता गर्न सिफारिश गर्ने | | २०० | | |
| २८ | | निःशुल्क स्वास्थ्य उपचार सिफारिश | | निःशुल्क | | |
| २९ | | सशुल्क स्वास्थ्य उपचार सिफारिश | | निःशुल्क | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | | पुर्जामा पक्की घर कायम गर्न सिफारिश (प्रति वर्ग मि) घरले चर्चेको | | २ | | |
| ३१ | | पुर्जामा कच्ची घर कायम गर्न सिफारिश (प्रति वर्ग मि) | | १ | | |
| ३२ | | चार किल्ला सिमाना कायम/प्रमाणित प्रति कित्ता | | २५० | | |
| ३३ | | फरक-फरक नाम, थर, जन्म मिति प्रमाणित तथा दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश | | १०० | | |
| ३४ | | नाम, थर वा जन्ममिति संशोधनको सिफारिश | | २०० | | |
| ३५ | | अस्थायी/स्थायी बसोबास सिफारिश | | २०० | | |
| ३६ | | जग्गा दर्ता सिफारिश | | २०० | | |
| ३७ | | जग्गाधनी पूर्जा हराएको सिफारिश | | २०० | | |
| ३८ | | कित्ताकाट गर्न सिफारिश | | २५० | | |
| ३९ | | नामसारी गर्न सिफारिश | | २०० | | |
| ४० | | जग्गाको हक सम्बन्धमा सिफारिश | | २०० | | |
| ४१ | | घर बाटो सिफारिश १ कित्ता र १ भन्दा वढी कित्ता भए प्रति कित्ता | | २०० | | |
| ४२ | | | | १०० | | |
| ४३ | | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिश | | १०० | | |
| ४४ | | जीवित रहेको सिफारिश | | २०० | | |
| ४५ | | उद्योग ठाउँसारी गर्न सिफारिश | | ४०० | | |
| ४६ | | विद्यालय खोल्न सिफारिस | | ५००० | | |
| ४७ | | सामुदायिक विद्यालयको कक्षा थप्न सिफारिस प्रति कक्षा | | ३०० | | |
| ४८ | | निजी विद्यालयको कक्षा थप्न सिफारिस प्रति कक्षा | | ३०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४९ | | विद्यालय ठाउसारी गर्न सिफारिस | | ५०० | | |
| ५० | | पालन पोषणका लागि सिफारिश | | २०० | | |
| ५१ | | खानेपानी ह्यान्ड पम्प नरहेको सिफारिस | | २०० | | |
| ५२ | | विद्युत जडानको लागि सिफारिश (घरायसी) | | २०० | | |
| | | विधुत मिटर सिफारिस (कृषि) | | ३०० | | |
| ५३ | | संस्था दर्ता सिफारिस (घरेलु) | | १००० | | |
| ५४ | | व्यवसाय नवीकरण सिफारिश | | ५०० | | |
| | | अन्य सिफारिस दस्तुर | | ३०० | | |
| ५५ | संघ संस्था | संस्था दर्ता/नविकरण/कार्यक्षेत्र स्वीकृति सिफारिश | | १००० | | |
| | | टोल विकास संस्था दर्ता | | १००० | | |
| ५६ | | टोल विकास संस्था नवीकरण (वार्षिक) | | ५०० | | |
| ५७ | शिक्षा सम्बन्धि | कक्षा ८ को मार्कसीट प्रतिलिपी | | ३०० | | |
| ५८ | | शिक्षक सरुवा सहमति/अनुमति | | १०० | | |
| | | अधिकृत स्तरको परिक्षा शुल्क | | १००० | | |
| | | सहायक पाचौं परिक्षा शुल्क | | ७०० | | |
| | | सहायक चौथो परिक्षा शुल्क | | ५०० | | |
| | | श्रेणी विहिनको परिक्षा शुल्क | | ३०० | | |
| ५९ | कोठा खोल्ने कार्य/ रोहबरमा बस्ने | | | २०० | | |
| ६० | मुचुल्का | सम्पूर्ण प्रकारको मुचुलका | | ५०० | | |
| ६१ | योजना सम्झौता शुल्क | उपभोक्ता समिति | | निःशुल्क | | |
| ६२ | योजनाको भुक्तानी/फरफारक सिफारिश | | | १०० | | |
| ६३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश | | | १०० | | |
| ६४ | उद्योग दर्ता सिफारिश | | | १००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६५ | कोर्ट फि मिनाहा सिफारिश | | | १०० | | |
| ६४ | चौपाया सम्बन्धी सिफारिश | प्रति चौपाया | | २०० | | |
| ६५ | खरिद विक्री | भैंसी/राँगो (१ देखि २ वर्ष) | | २०० | | |
| | | गाई/गोरु | | २०० | | |
| | | बाखा/भेडा/खसी/बोका | | १०० | | |
| | | कुखुरा/हाँस | | २० | | |
| | | कुखुरा/हाँस चल्ला | | २० | | |
| ६६ | घर नक्सा पास/नामसारी दस्तुर | नयाँ घर नक्सा पास (प्रति व.फि.) | | ८ | | |
| | | नक्सा संशोधन (प्रति व.फि.) | | ८ | | |
| | | नक्सा नामसारी (प्रति व.फि.) | | ५ | | |
| ६७ | घर नक्सा प्रतिलिपी प्रमाणित/नवीकरण | नक्सा प्रतिलिपी (प्रति व.फि.) | | ५ | | |
| | | निर्माण म्याद थप (नवीकरण) प्रतिमहिना | | २०० | | |
| ६८ | घर जग्गा नक्सापास सिफारिस दस्तुर | पक्कि घर | | ३०० | | |
| | | कच्चि घर | | २०० | | |
| ६९ | घर सम्पन्न सीफारिस | पक्की घर | | ३०० | | |
| | | कच्ची घर | | २०० | | |
| ७० | व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क (३५ दिनभित्र निशुल्क) | जन्म दर्ता | | २०० | | |
| | | मत्यु दर्ता | | २०० | | |
| | | विवाह दर्ता | | २०० | | |
| | | बसाइसराइ (आउने/जाने) | | २०० | | |
| | | सम्बन्ध बिच्छेद | | २०० | | |
| | | ब्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | | ५०० | | |
| | | व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गरेमा | | निःशुल्क | | |
| ७१ | न्यायिक समिति दस्तुर | निवेदन पेश गर्दा (टिकट दस्तुर) | | १० | | |
| | | आवेदन दस्तु | | १०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मेलमिलाप दस्तुर | | २५० | | |
| | | नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको | | ५ | | |
| | | न्यायिक समितिको निर्णय प्रति पृष्ठ | | ५ | | |
| | | लिखित कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको | | ३ | | |
| ७२ | वन पैदावार | वन पैदावार जन्य निकासी दस्तुर (प्रति क्यूफि) | | १० | | |
| ७३ | जलस्रोत | जलस्रोत समिति दर्ता /नविकरण | | ३५० | | |
| | | पोखरीको पानी पोत प्रति कठाठा | | ३०० | | |
| ७४ | बैंक खाता खोल्न सिफारिश | पालिकाको योजनामा | | निःशुल्क | | |
| ७५ | अन्य सिफारिस | छुट भएको सम्पूर्ण | | २०० | | |
| ७६ | सुचिकृत | मौजुदा सुचिमा सूचिकृत | | १००० | | |
| ७७ | कृषि / पशु फर्म दर्ता/ नविकरण शुल्क | बहुउदेशिय फर्म | | ५०० | | |
| | | कृषि/पशु समूह दर्ता | | २०० | | |
| | | कृषि/पशु समूह नविकरण | | १०० | | |
| | | रसायनिक मल सूची दर्ता प्रमाण पत्र | | ३०० | | |
| | | रसायनिक मल सूची दर्ता नविकरण | | २०० | | |
| ७८ | तमसुक दस्तुर | पुरानो लेखत तमसुक | | ५०० | | |
| | | नयाँ दर्ता लेखत तमसुक | | २०० | | |
| ७९ | जे.सी.बी. भाडा | प्रति घन्टा | | २२०० | | |
| ८० | प्रोजेकटर भाडा/हलभाडा | प्रति दिन | | १००० | | |
| ८१ | साउन्ड सिस्टम भाडा | प्रति दिन | | ५०० | | |
| ८२ | फिल्ड रेखांकन | प्रति किता | | ३००० | | |
| ८३ | अ.मि.न. शुल्क | प्रति किता | | ३००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८४ | अपाङ्ग परिचयपत्र प्रतिलिपि | प्रत्येक पटक | | ५० | | |
| [redacted] | | | | | | |
| पर्यटन शुल्क (प्रतिदिन) | | | | | | |
| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व. | प्रस्तावित दर | | |
| १ | दृष्यावलोकन | स्वदेशी | | ५० | | |
| | | विदेशी | | १०० | | |
| २ | अध्ययन भ्रमण | स्वदेशी | | ५० | | |
| | | विदेशी | | १०० | | |
| ३ | पार्क/ संग्राहालय अवलोकन शुल्क | स्वदेशी | | ५० | | |
| | | विदेशी | | १०० | | |
| नोटः स्वदेशी विद्यार्थीहरुलाई ५० प्रतिशत छूट, अपाङ्ग, ज्येष्ठ नागरिक, अति विपन्न व्यक्तिलाई प्रमाणका आधारमा निःशुल्क | | | | | | |
| [redacted] | | | | | | |
| फोहोरमैला व्यवस्थापन शुल्क | | | | | | |
| क्र.सं. | विवरण | विस्तृत विवरण | चालु आ.व. | प्रस्तावित दर | | |
| १ | होटल व्यवसाय | वार्षिक | | ५०० | | |
| २ | पसल | वार्षिक | | १०० | | |
| ३ | घरबाट निस्कने फोहर | वार्षिक | | ५० | | |
| तोकिएको स्थान बाहेक जथाभावी फोहर गर्ने, थुपार्ने कार्य गरेमा कानून बमोजिम थप जरिवाना गरिने । | | | | | | |